

Photo from ekantipur.com

NEPAL
# GOVERNANCE Weekly

अंक ३६ | ३१ भाद्र, २०७९

## समावेशिताको मुद्दामा दलहरू किन असंवेदनशिल?

नेपालको संविधान, २०७२ अनुसार संघिय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ भनिएको छ । यदि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम आफ्नो दलबाट संघिय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तिमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्ने भनिएको छ ।

तर, आगामी प्रतिनिधि सभा निर्वाचन अन्तरगत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दलहरूले सिफारिस गरेका महिला सदस्यहरुको संख्या हेर्ने हो भने, राजनीतिक दलहरु समावेशिताको मुद्दामा कत्तिको संवेदनशिल छन् भनेर प्रष्ट बुझ्न सकिन्छ । यस अघिको स्थानीय तह निर्वाचनमा दलहरूले पालिकाको प्रमुख र उपप्रमुख दुइ जनामध्ये एक जना अनिवार्य महिला उम्मेदवार सिफारिस गर्नुपर्ने प्रावधान रहेकोमा दलहरुबिचको गठबन्धले गर्दा दुबै पदमा फरक-फरक दलबाट पुरुष उम्मेदवार सिफारिस गरेको दृष्टान्तले पनि राजनीतिक दलहरुको यस विषय प्रतिको संवेदनहिलतालाई थप पुष्टि गरिसकेको छ । संविधानले सुनिश्चित गरेको अधिकारमा अंकुश लगाएर महिलाको लागि नीतिनिर्माणको ढोका बन्द गरिनु आफैले निर्माण गरेको संविधानको उपहास होइन र?

स्रोत: https://ekantipur.com/news/2022/09/09/166271460811747253.html

## यस अंक भित्र

**निर्वाचनमा आफै मतदान गर्न नसक्ने व्यक्तिको हकमा अरुले नै मतदान गर्न मिल्छ रे ।**

मत संकेत गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान मिल्छ ।

**निर्वाचन आचारसंहिता उल्लङ्घन भएको थाहा पाए कहाँ उजुरी गर्ने ?**


आचारसंहिता उल्लङ्घन गरेको पुष्टि भएमा निर्वाचन आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ ।

**त्यसपछि मैले राम्रो उम्मेदवार को होला भनेर छान्दै भोट हालेँ**

म ८० वर्ष पुगेँ । यो उमेरमा पनि मैले एउटा भोट किन खेर फाल्ने भन्ने लाग्छ।




# प्रदेश सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीको समावेशी आधार




माथि प्रस्तुत गरिएको उम्मेदवारको बन्दसूचीको समावेशी आधार, सम्बन्धित प्रदेशको जनसंख्यालाई मानिन्छ । प्रदेश सभा निर्वाचन नियमावली, २०७४ ले समानुपातिक निर्वाचन प्रणालीका माध्यमबाट निर्वाचनमा भाग लिने दलहरूले बन्दसूची सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई जनसंख्याको आधारमा आदिवासी जनजाती, खस आर्य, थारु, दलित, मधेशी, मुस्लिमको समावेशी प्रतिनिधित्व हुनेगरी तयार गर्नु पर्दछ । यसरी बन्दसूची तयार गर्दा प्रत्येस समावेशी समुहबाट कम्तीमा पचास प्रतिशत महिलाको नाम अनिवार्य समावेश गर्नु पर्दछ।

# MEDIA HIGHLIGHTS

नेपालका लागि विश्व बैंकको कन्ट्री क्लाईमेट एण्ड डेभलपमेण्ट रिपोर्टले जलवायु परिवर्तनका कारण मात्रै सन् २०५० सम्ममा नेपालको ग्राहस्थ उत्पादनमा सात प्रतिशतले कमी आउने अनुमान गरेको छ । यसले नेपाललाई ग्रामिण परिदृष्यलाई मजबुत बनाउन, जलविद्युत विकास गर्न र निरन्तर सहरीकरणको व्यवस्थापन गर्नका लागि विकास साझेदार संस्थाहरुबाट ७.३ अर्ब जुटाउन सुझाव दिएको छ ।

*थप यहाँ हेर्नुहोस्:* *The Kathmandu Post*



Photo: TKP


Photo: The Himalayan Times

निर्वाचन आयोगले भूमिहीन दलित र सुकुम्बासीबाट निवेदन संकलन गरिरहेको राष्ट्रिय भूमि आयोगलाई तत्काल जग्गा स्वामित्वको प्रमाणपत्र जारी नगर्न निर्देशन दिएको छ । यो सँगै वितरण गरिएका प्रमाणपत्र र जग्गाको नक्शांकनको जानकारी उपलब्ध गराउन पनि निर्देशन दिएको छ।

*थप यहाँ हेर्नुहोस्:* *Republica, The Himalayan Times, Khabar Hub*

परराष्ट्र मन्त्रालयले आगामी मंसिर ४ गते हुने आमनिर्वाचन अघि अग्निपथ योजनाबारे कुनै निर्णय नगर्ने स्पष्ट पारेको छ । भारतीय पक्षले पनि यस योजना अन्तरगत नेपाललाई छुट्याएको कोटा खारेज गरेर अरुलाई दिने बताएको छ ।

*थप यहाँ हेर्नुहोस्:* *Naya Patrika*


Photo: NayaPatrika


Photo: Kantipur

२०७४ सालको निर्वाचनकालागि दलहरुले बुझाएको बन्दसूची २०७९ असोज १ गते शनिवारदेखी खारेज हुने निर्वाचन आयोगले जनाएको छ । सो बन्दसूची कायम नहुने भएपछि प्रतिनिधि सभाको कार्यकाल पनि सोही दिनबाट समाप्त हुनेछ ।

*थप यहाँ हेर्नुहोस्:* *Kantipur*

# Rumors and Facts

Online

निर्वाचनमा आफै मतदान गर्न नसक्ने व्यक्तिको हकमा अरुले नै मतदान गर्न मिल्छ रे । के यसले मतदानको दुरुपयोग हुदैन ?

दृष्टिविहीन, शारीरिक अशक्तता वा अरु कुनै कारणवश कुनै मतदाता आफैले मत संकेत गर्न नसक्ने भएमा अरुको सहयोग लिन सकिन्छ । त्यसरी मत संकेत गर्ने काममा सहयोग पुऱ्याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमती मागेमा वा मत संकेत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेको अवस्थामा अरुको सहयोग लिन सकिन्छ । तर, त्यसको लागि मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा मात्र निजको परिचय खुल्ने प्रमाणको आधारमा मतदाताको साथमा मत संकेत गर्ने स्थानमा प्रवेश गर्न अनुमती दिन वा मतदान अधिकृतले इच्छा अनुसार निजको मतपत्रमा मत संकेत गरिदिन सक्नेछ ।

*स्रोत: https://cutt.ly/4CM3fcw*

निर्वाचन आचारसंहिता उल्लङ्घन भएको थाहा पाए कहाँ उजुरी गर्ने ? के उजुरी गरे कारवाही पनि हुन्छ ?

कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, केन्द्रिय आचारसंहिता अनुगमन समिमित, आचारसंहिता अनुगमन टोली, जिल्ला आचारसंहिता अनुगमन समिति वा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत समक्ष उजुरी दिन सकिन्छ । यसरी उजुरी गर्दा उजुरीकर्ताले आफ्नो नाम सहित विवरण गोप्य राख्न चाहेमा सार्वजनिक गरिने छैन । कसैले आचारसंहिता उल्लङ्घन गरेको पुष्टि भएमा निर्वाचन आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ ।

*स्रोत: https://cutt.ly/7CwZszK*

Enter your Message

GROUND NARRATIVES

# त्यसपछि मैले राम्रो उम्मेदवार को होला भनेर छान्दै भोट हालेँ

मेरो नाम रुकु रेग्मी हो । म ८० वर्ष पुगेँ । अहिले मेरो दिनचर्या भनेकै आईप्याडमा युट्युब खोलेर चुनाव सम्बन्धी समाचार सुन्नु हो ।

> **मलाई भेट्ने जतिले यो उमेरमा भजन सुन्न छोडेर किन समाचार सुन्याहोला भन्छन् । तर, मलाई चुनावको बेला कुन पार्टीले के काम गऱ्यो ? कसले कस्तो उम्मेदवार पठाउँदैछ ? नयाँ मान्छे कस्ता आउँदैछन् ? भनेर बुझ्न मन लाग्छ ।**

चुनावले मलाई बच्चा उमेरदेखी नै उत्साहित बनाउँथ्यो । मरो जन्म चितवनमा भएको हो । पञ्चायत कालदेखी नै मेरा दाईहरु राजनीतिमा लाग्नुभएको थियो । दाईहरु राजनीतिमा लाग्नुभएको भएर पनि मलाई यो विषय प्रति बढी चाँसो भयो । त्यसबेला दाईहरु लुकेर राजनीति गर्नुहुन्थ्यो । कतिपटक त दाईहरुलाई सरकारले समात्यो । चितवनमा हुँदा मैले भोट भने हालिन । २० वर्षको उमेरमा विवाह भएर म काठमाण्डौ आएँ । यता आईसकेपछि पनि चुनाव आउँदा रमाईलो हुन्थ्यो । त्यतीबेला अहिले भन्दा चहलपहल बढी हुन्थ्यो । घरघरमा मान्छेहरु झण्डा बोकेर भोट माग्न आउँथे । नाच्दै गाउँदै रमाईलो गर्थे । भोट हाल्न पनि उनिहरुले नै सिकाउँथे ।

पहिलो पटक मैले कुन चुनावमा कति वर्षको उमेरमा भोट हाले भन्ने त थाहा छैन, तर साथीहरुसँग रमाईलो गर्दै भोट हाल्न गएको भने याद छ । त्यसपछि सायद मैले भोट हाल्न छुटाईन । भोट हाल्नकै लागि घण्टौसम्म लाईनमा पनि बसियो । राम्रो मान्छे जितेर आयोभने त राम्रो काम गर्ला भनेर आशा हुन्थ्यो । दु:खको कुरा मैले भोट हाल्दै आएको




पार्टीले चित्त बुझ्दो काम गरेन । त्यसपछि मैले राम्रो उम्मेदवार को होला भनेर छान्दै भोट हालेँ । कहिलेकाहीँ परिवारकै मान्छेसँग पनि भोट हाल्ने विषयमा मतभेद भयो । चुनाव अगाडी जुन उत्साह हुन्छ, चुनाव पछि जितेका मान्छेले काम नगर्दा भने त्यो उत्साह हराएर जान्छ । यो उमेरमा पनि मैले एउटा भोट किन खेर फाल्ने भन्ने लाग्छ । म अरुलाई पनि त्यही भनिरहेको हुन्छु । अहिले आएर सरकारसँग धरै अपेक्षा त के हुन्थ्यो, तर वडाको काममा जाँदा कुर्नु नपरेहुन्थ्यो जस्तो लाग्छ । पाँच मिनेटमा हुने कामकालागि घण्टौं कुर्नुपर्दा भने दु:ख गरेर चुनावमा भोट हालेको खेर गयो जस्तो लाग्छ । आउने चुनावमा पनि भोट हाल्न जान्छु । यस पटक पनि झण्डा र दल हेरेर भोट हाल्ने छैन, मेरो रोजाई जहिले पनि असल मान्छे हुन्छ ।





NEPAL

# GOVERNANCE Weekly

**Nepal Governance Weekly** एउटा मञ्च हो, जसले नागरिक, नेतृत्व र संस्थाहरूलाई जोड्ने काम गर्दछ र यसले निर्वाचन सम्बन्धि भ्रामक तथा मिथ्या समाचारहरूका तथ्य पत्ता लगाएर आम नागरिकलाई सहि सूचना प्रवाह गर्दछ । अहिलेको निर्वाचनमा आम नागरिकलाई निर्वाचन प्रकृया, नागरिक सहभागिता र उमेदवारको बारेमा छिटो र भरपर्दो जानकारी आवश्यक पर्दछ । फेयर फ्याक्ट्सको माध्यमबाट हामी निर्वाचनलाई निष्पक्ष र समावेशी बनाउन आम नागरिकका आवाज र जिज्ञासाको सम्बोधन गर्दै परिवर्तनकारी समाज निर्माण गर्न चाहन्छौं । निर्वाचन भनेको मतदान मात्र होईन, यो लोकतान्त्रिक अभ्यासमा नागरिक सहभागिता र स्वतन्त्रताको विषय पनि हो । त्यसैले, लोकतन्त्रलाई बलियो बनाउन हामी तथ्यपरक सूचना प्रवाह गर्दै सवल समुदाय पनि निर्माणको प्रयास गर्दछौं ।

Brought to you by:

accountabilitylab NEPAL

## DISCLAIMER

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, निर्वाचन आयोनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईन एक्टिभिस्ट र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगाको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गारिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गारीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

## Community Space

यदि तपाई निर्वाचन सम्बन्धी सही र तथ्यपरक सूचना खोज्दै हुनुहुन्छ भने, निम्न संस्थाहरूको वेवसाइट फलो गर्नुहोस् ।

Digital Rights Nepal

nepal CHECK

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**REACH OUT TO US ON**

Email: nepal@accountabilitylab.org